*प्रमुख अतिथि ज्यू,*

*बिशेष अतिथि ज्यूहरू,*

*अतिथि ज्यूहरु,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु,*

*उपस्थित सबै कर्मचारीहरु ।*

१. **आज म गौशाला नगरसभाको यस गरिमामय सदनमा** नेपालको संविधानको कार्यान्वयनसँगै तीन तहका सरकार गठन भई देश समृद्धि र विकास तर्फ अगाडि बढिरहेकै समयमा कोभिड १९ (कोरोना भाइरस) को महामारीले सिर्जना गरेको चुनौतीपूर्ण र असहज परिस्थितिका बावजुद गौशाला नगरपालिकाको पाँचौ नगरसभामा आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम पेश गर्न गइरहेको छु। यस सम्मानित नगरसभामा नीति तथा कार्यक्रम पेश गर्न पाएको यस एतिहासिक क्षणमा जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सम्मान व्यक्त गर्न चाहन्छु।

२. **विश्व महामारीको रूपमा फैलिएको कोरोना भाईरस संक्रमणका कारण** ज्यान गुमाउनुहुने नेपाली लगायत विश्वभरका नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्न चाहन्छु । कोरोना रोकथाम तथा नियन्त्रणमा अहोरात्र खटिनुहुने सम्पूर्ण जनप्रितिनिधि स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एवम् राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

३. **जनताको सबैभन्दा नजिकको सरकारको रुपमा** स्थानीय तहले काम गर्ने अवसर प्राप्त गरेको सन्दर्भमा हामीसँग उपलब्ध सीमित श्रोत साधन, जनशक्ति, अफठ्याराहरु, संक्रमणकालीन कानून र विषयगत निकायहरुको समायोजन र संचालनमा जटिलताका बावजुद आम जनतासँग गरेको वचनवद्धता प्रति सदैव प्रतिवद्ध रहनेछौं ।

४. **सार्वभौमसत्तासम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट** प्राप्त गरेको लोकतन्त्रलाई सामाजिक जीवनपद्धतिका रुपमा स्थापित गर्ने कुरामा स्थानीय सरकार हरपल प्रयत्नशील रहिरहने छ।सोही मान्यता अनुरुप "समृद्ध नेपाल,सुखी नेपाली" बनाउने संघीय सरकारको उद्देश्य पूरा गर्न **"गुणस्तरीय शिक्षा, सहज स्वास्थ्यसेवा र पूर्वाधार विकास गौशालाको आधार - सुन्दर समृद्ध नगरपालिकाको लागि कृषि विकास र रोजगार"** को नारा र योजनाबद्ध विकासको बाटोमा अघि बढ्ने अठोट समेत गरेको छु।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

५. **नगरपालिकाको भौगोलिक,सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई** आत्मसात गर्दै "मालिक होइन, सेवक हौं" भन्ने मान्यतामा आधारित जनउत्तरदायी सरकार, भ्रष्टाचारमुक्त शासन प्रणाली, पारदर्शी, मेहनती र अन्तर सहयोगी राम्रो काम गर्नुपर्छ भन्ने उर्जा शक्ति भएका जनप्रतिनिधि र कर्मचारी प्रशासन संयन्त्रबाट नैं समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई स्थानीय सरकारले आफ्नो मार्गदर्शन सिद्धान्त ग्रहण गरेको छ।

**नगरसभाका सदस्यज्युहरु,**

६. देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसके पश्चात् राज्यको पुनर्संरचनाले भौगोलिक तथा प्रसासनिक रुपले नेपाल ७ प्रदेश र ७५३ स्थानीय तहमा स्थापना भएकोछ। यस अन्तर्गत प्रदेश नं. २ महोत्तरी जिल्ला गौशाला नगरपालिकामा साविक ५ गा.वि.स.(गौशाला, बेलगाछी, फुलकाहा, भरतपुर, लक्ष्मीनिया) सहित भौगोलिक अवस्थाको कुल क्षेत्रफल - १४४.७३ वर्ग किलोमिटरमा फैलिएको सापेक्षिक समुन्द्र सतहदेखि तराई भागमा रहेकोछ । निर्वाचन आयोगको तथ्याङ्क अनुसार- ६६,६७७ जनसंख्या र प्रशासनिक दृष्टिले १२ वटा वडामा विभाजन भएको गौशाला नगरपालिकाका जनताको असीमित त्याग, वलिदान, परिवर्तनगामी उर्जा शक्ति र पुर्व-पश्चिम राजमार्गसंग जोडिएको तथा हुलाकी मार्गले गर्दा क्रमश सुगम नगरपालिकातिर विकासको प्रक्रियामा छ। यस नगरपालिकाको नयाँ विस्तारित क्षेत्रलाई नगरको मूल प्रवाहमा जोड्न विशेष गरी सडक पुर्वाधारका कामहरु अघि बढाउनु, खानेपानीको आपूर्ति व्यवस्था सुदृढ बनाउनु, आर्थिक विकासका क्रियाकलापहरु सञ्चालन गर्नु जस्ता जनताका सुख सुविधालाई ध्यानमा राखी पछाडी परेका वर्ग र क्षेत्रलाई समेट्न नगरपालिकाले विगत वर्ष देखि नै प्राथमिकता दिदै आएका विषयहरु हुन् ।

**नगरसभाका सदस्यज्युहरु,**

७. विश्वव्यापी महामारी रुपमा फैलिरेहको कोभिड १९ अर्थात कोरोना भाइरसबाट विश्व नै आक्रान्त भइरहेको बेला यस गौशाला नगरपालिकाका नगरवासीहरुको जीउ ज्यानको संरक्षण गर्नु नगरको प्रमुख दायित्व भएको हुँदा यस गौशाला नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाहरूलाई सृदुढीकरण गरी कोरोनाको जोखिम न्युनीकरण गर्नको लागि कोरोना परीक्षणको दायरा फराकिलो बनाउन तथा स्वास्थ्य संस्थाहरूलाई अत्यावश्यक आधुनिक मेशिनरी औजार उपलब्ध गराई तथा जनशक्ति सम्पन्न बनाई नगरवासीहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने विषयलाई आ.व. २०७७/०७८ मा विशेष प्राथमिकतामा राखिएको छ ।

८. **आर्थिक वर्ष २०७६/०७७ को चालु योजनाको संक्षिप्त समिक्षा :** चालु आर्थिक वर्षमा नगरपालिकाबाट भएका विकासका कार्यहरु :

- नगर भवन निर्माण सम्बन्धी सम्पूर्ण प्रकृया पूरा भई निर्माण सम्झौता गरिएको।

- बालविकास कक्षाको कक्षाकोठा व्यवस्थापन तथा आकर्षणमा स्तरोन्नति गरिएको ।
- नगर प्रहरी भर्ना सम्पन्न गरिएको।
- प्राथमिक स्वास्थ्य केन्द्रमा MBBS डाक्टरको नियुक्ति गरी सेवा प्रवाहलाई स्तरीय बनाइएको ।
- बालविकास सहयोगी कार्यकर्ताहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिएको ।
- एम्बुलेन्स खरिद गरी आकस्मिक सेवा प्रवाहलाई प्रवर्द्धन गरिएको ।
- डेंगु रोग नियन्त्रणका लागि मेशिन खरिद गरी सबै वडाका बस्तीहरुमा औषधी छरी रोकथाम तथा नियन्त्रण गरिएको ।
- शिक्षकको कमी भएका विद्यालयहरुमा आवश्यकता अनुसार स्थानीय स्रोतबाट तलवभत्ता खानेगरी शिक्षकको नियुक्ति गरिएको ।
- इन्जिनियरिङ्ग क्याम्पसका लागि जग्गा खरिद र पक्की भवन निर्माण कार्यको थालनी गरिएको ।
- कोल्ड स्टोर र आधुनिक प्रविधिको फोहोर प्रशोधित केन्द्रको DPR सहित बजेट स्वीकृत भई आ. व. ०७७/०७८ देखि परियोजना सुचारु हुने ।
- कोभिड १९ को रोकथाम र नियन्त्रणको लागि नगरपालिकाभित्र १४ वटा क्वारेन्टाइन सञ्चालनमा ल्याई करीब ६०० जना कोभिड १९ शंकास्पद व्यक्तिलाई स्वास्थ्य सुविधा उपलब्ध गराइएको ।
- कोरोना भाइरस, डेंगु रोग नियन्त्रण लगायत समसामयिक विषयमा जनचेतना फैलाउन माइकिङ्ग लगायत रेडियो, एफ. एम. बाट सूचना प्रसारण गरिएको ।
- स्थानीय गै. स. स. संगको साझेदारीमा बगर खेती कार्यक्रम सञ्चालन गरी विपन्न जाति मुसहरहरुको आयआर्जनमा सहयोग पुर्याएको ।
- विद्यालय शिक्षामा शैक्षिक सुधार गर्न समय समयमा शैक्षिक भेला गरी प्रविधिको प्रयोग सम्बन्धमा अन्तरक्रिया सञ्चालन गरिएको ।
- नगरपालिकाको आन्तिरक आय वृद्धिको लागि पोखरीहरुको डिपिआर तयार गर्ने बोरिङ् खन्ने र ठेक्का लगाउने कामको थालनी गरेको ।
- सबै वडा कार्यालय र नगरपालिकामा समेत अनलाइनबाट राजस्व सेवा प्रवाहको थालनी गरेको ।
- नगरपालिकाको वडा नं ७ मा धान काट्ने मेशिन वितरण गरिएको ।
- नगरपालिकाको नाममा ३ विगाहा १३ कट्ठा ३ धूर जग्गा खरिद र १ विगाहा ३ धूर निशुल्क उपलब्ध गराइएको ।
- नगरपालिकाको वडा नं.१२ मा विपन्न समुदायका मुसहर बस्तीमा १६ घर निर्माण गरी १८ परिवारलाई वितरण गरिएको ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

- नगरपालिकाभित्रका नदी कटानको जोखिममा रहेका गाउँबस्तीमा तटबन्ध निर्माण गरी बस्तीलाई सुरक्षित बनाइएको ।

९. नगरपालिकाप्रति रहेको जनताको आशा र भरोसालाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास गर्नु हो। यसर्थ आत्मनिर्भरता, स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको उपयुक्त साझेदारी गरी अगाडि बढ्न यो स्थानीय सरकार प्रतिवद्ध छ । सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित भई वित्तीय सुशासनलाई ध्यान दिएर खर्च परिचालन प्रकृयालाई प्रणालीबद्ध गर्ने गरी योजना तथा कार्यक्रम तयार गर्ने हाम्रो प्रतिबद्धता रहेको छ।

**नगरसभाका सदस्यज्युहरु,**

**अव म गौशाला नगरपालिकाको आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छुः-**

चुनौती पुर्ण सिमित स्रोत साधन र संभावना युक्त असीमित जनताको चाहना-इच्छा-आकांक्षा अनुसारको माग भैरहेको विध्यमान अवस्थामा **"जग बलियो नभई घर बलियो हुदैन"** भन्ने मान्यताका साथ समृद्ध नगरपालिका निर्माणका लागि स्थानीय सरकार मार्फत कार्यान्वयनमा लैजाने गरी बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको तत्कालीन आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा ढांचा बमोजिम सामाजिक विकास, आर्थिक विकास तथा वन तथा वातारण र विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी बजेट निर्धारण गरिएको छ ।

(क) सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको विकासमार्फत द्रुत गतिमा मानव विकास र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।कोभिड-१९ महामारी रोकथाम, नियत्रण तथा रोकथामका लागि स्वास्थ्य संस्थाहरूभित्र स्वास्थ्य उपकरण, औषधी, व्यापक परीक्षण, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको व्यवस्था र परिचालन गरिनेछ।

(ख) आर्थिक विकासः कृषि, सिचाइ, उर्जा, सहकारी, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पुँजी, प्रविधि र अन्वेषणको विकासले सबै जनतालाई काम, रोजगारी र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ग) वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन तर्फ सुन्दर वातावरण र अनुकूलनीय अवसर सिर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गरिनेछ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(घ) भौतिक पुर्वाधार विकासः सडक, भवन तथा शहरी विकास र उर्जा क्षेत्र सुविधाको अवसर, रोजगारीको अवसर सिर्जना गर्न यी क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ङ) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, नागरीक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय क्षेत्रहरुको प्रवर्द्धन गरिनेछ।

**नगर सभाका सदस्यज्युहरु,**

अव म गौशाला नगरपालिको आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमाका उदेश्यहरु उल्लेख गर्न चाहन्छुः

स्थानीय सरकारको आधारभूत अङ्गका रुपमा रहेको नगरसभा र कार्यपालिका सामु विभिन्न प्रकृतिका चुनौती र संभावना रहिआएतापनि मानव श्रमशक्ति, प्राकृतिक श्रोत साधन र उपलव्ध राज्यको वजेटलाई भरपुर उपयोग गर्ने गरी बजेटका उद्देश्यहरु प्रस्तुत गरेकोछु।

क) संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गरी गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, साधन-स्रोत, अवसर र क्षमताले मानवीय विकास गरी सामाजिक, आर्थिक, पूर्वाधार विकासमार्फत समुन्नत, सुदृढ, स्वाधीन अर्थतन्त्रको विकास गर्ने।

ख) स्वास्थ्य क्षेत्र अन्तर्गत कोभिड-१९ महामारी नियन्त्रण तथा रोकथामका लागि स्वास्थ्य संस्थाहरूभित्र स्वास्थ्य उपकरण, औषधी, व्यापक परीक्षण, चिकित्सक तथा स्वास्थ्य कर्मीहरूको व्यवस्था र परिचालन गर्ने ।

ग) कृषि क्षेत्र अन्तर्गत सिचाई, कृषि सडक, विद्युत, शित भण्डार, संकलन तथा बिक्री केन्द्रको स्थापना जस्ता पूर्वाधारको विकास गरी आर्थिक वृद्धि र रोजगारीका अवसरहरु सृजना गर्ने।

घ) भ्रष्टाचारमुक्त, चुस्त प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रवर्द्धन गर्ने।

ङ) सरकारी खर्चको गुणस्तरीयता कायम गरी पूँजी तथा सम्पत्ति निर्माण गर्ने तथा फजूल तथा अनुत्पादक खर्चलाई कटौती गरी खर्चमा मितव्ययीता कायम गर्ने।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

च) दीगो, समावेशी तथा गरीबी निवारणउन्मूख कार्यक्रममार्फत जनताको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने।

## सामाजिक विकास

### १०. शिक्षा, युवा तथा खेलकुद क्षेत्रः

(क) कोभिड-१९ को सङ्क्रमणको कारण अवरुद्ध रहेको सिकाई प्रणालीलाई सुचारु गर्न र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्न तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको मध्यमबाट प्रभावकारी र व्यवस्थित रूपमा सिकाईमा सहजीकरण गर्न बिशेष कार्यक्रम गरिनेछ।

(ख) बालबालिकाहरुका लागि घरपरिवार तथा समुदायमा उपयुक्त सिकाइ वातावरण प्रवर्द्धन गर्न बालसंवेदनशील अभिभावक शिक्षाको व्यवस्थापन एवं सञ्चालन गरिने छ ।

(ग) नगर भित्र साक्षरता अभियान संचालन गरी नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिनुका साथै एक वडा एक आधारभूत विद्यालयको अवधारणा ल्याइनेछ ।

(घ) बालबालिका लगायत सबै नागरिकहरुलाई विद्यालय शिक्षा, अनौपचारिक, वैकल्पिक तथा खुला शिक्षा, निरन्तर शिक्षा र जीवनोपयोगी शिक्षाको माध्यमबाट गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सीपयुक्त शिक्षाको पहुंच सुनिश्चित गर्दै दक्ष, आत्मनिर्भर र सक्षम नागरिक निर्माण गर्ने दीर्घकालीन लक्ष्य हाँसिल गर्न शिक्षा क्षेत्रमा गुणस्तर सुधार र प्रविधिको प्रयोगलाई कार्यान्वयनमा ल्याईनेछ।

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणालीप्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्यसम्पादन करार संझौता, नतिजामा आधारित शैक्षिक क्यालेण्डर र सिकाई एवम् अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) नगरक्षेत्रभित्र रहेका सडक बालबालिका, विपन्न, असहाय, अभिभावकविहीन, द्वन्द्व प्रभावित युवा, बालबालिकाहरुका लागि युवा क्लब, सामुदायिक बाल उद्यान केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।

(छ) दलित तथा पिछडा वर्गका महिलाको प्राविधिक क्षेत्रको उच्च शिक्षामा पहुँच बृद्धिका लागि नगरपालिकाबाट बिभिन्न सहयोग उपलब्ध गराउने नीति लिइएको छ ।

(ज) विद्यार्थी संख्या तथा विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ।दरबन्दी न्यून भएको विद्यालयहरूमा स्थानीय स्वयम् सेवक शिक्षकहरूको व्यवस्था मिलाईनेछ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(झ) हाल नगरपालिकाभित्र संचालित प्राविधिक विद्यालयहरूको स्तरवृद्धि गर्दै लगिनेछ। नगरपालिका र CTEVT को साझेदारीमा आयुर्वेद अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

(ञ) गौशाला नगरपालिका अन्तर्गतका श्री त्रिभुवन मा. वि. गौशालामा सूचना प्रविधीको प्रयोग गरी अनलाईन शिक्षा केन्द्र (ICTcenter) को रूपमा विकास गरी जिल्लाकै उत्कृष्ट सामुदायिक विद्यालयको रूपमा विकास गरिनेछ ।

(ट) नगर क्षेत्रमा रहेका खुला, सार्वजनिक परती तथा नदी उकास आसपासका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा खेलकूद मैदान, बालउद्यान, फूटसल जस्ता पूर्वाधारको निर्माण एवम् सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

(ठ) नगर क्षेत्रका विद्यालयहरु बीच मेयर कप खेलकूद प्रतियोगिता, रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता आयोजना गरिनेछ।

## ११. स्वास्थ्य क्षेत्र :

(क) हाल विद्यमान विश्वव्यापी कोभिड-१९ महामारी रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिम न्यूनीकरण गर्दै आम नगरवासीको सुरक्षार्थ संघीय सरकार र प्रदेश सरकारसंग गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवम् उपकरण र दक्ष स्वास्थ्यकर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गरिनेछ।

(ख) हाल विद्यामान कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि पोषण, आयुर्वेद, होमियोपैथी एवम् प्राकृतिक चिकित्सा प्रणालीको बिस्तार र प्रवर्द्धन गरिनेछ।

(ग) जटिल समस्याका गर्भवतीहरुका लागि नजिकको अस्पतालसम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

(घ) हाल ३ शैयाको संचालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरउन्नति गरी २५ शैयाको अस्पताल बनाउन र दरबन्दी अनुसारको चिकित्सक, स्वास्थ्यकर्मीहरू पदपूर्ति गरी स्वास्थ्य सेवा स्तरवृद्धि र विस्तार गर्ने लक्ष्य लिइनेछ ।

(ङ) नगरपालिका कार्यालय तथा वडा कार्यालयमा सेवाग्राहीहरूको सुविधाको लागि स्तनपान कक्ष, विशेष स्वास्थ्य शिविर, खोप केन्द्रहरू संचालन गरिनेछ। बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सुनौला हजार दिन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

(च) स्वास्थ्य क्षेत्रमा सबैको लागि गुणस्तरीय सेवा र समान पहुँच सुनिश्चित गर्न सुधार योजना अन्तर्गत बिभिन्न कार्यक्रमहरू गरिनेछ । गाउँघर क्लिनिक तथा खोप क्लिनिकको सुदृढीकरण र व्यवस्थापन गरिनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(छ) स्वास्थ्य सेवा प्रणालीमा सुदृढीकरण गर्न सूचना प्रविधि मार्फत तथ्याङ्क संकलन गरी सबै वडाहरुमा स्वास्थ्य सेवा केन्द्रको सुदृढीकरण गरिनेछ ।

(ज) जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई जेष्ठ नागरिकको घरदैलोसम्म विस्तार गरिनेछ ।

## १२. खानेपानी तथा सरसफाईः

(क) यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको प्रबन्ध गरिनेछ । स्थानीय रुपमा उपलब्ध खानेपानीका स्रोतहरुको संरक्षण तथा संवर्द्धन गर्दै सुलभ र स्थानीय प्रविधिको उपयोग गरी वितरणको व्यवस्था मिलाइनेछ ।

(ख) भूमिगत जलको उपयोग गरी नगर क्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने रणनीति लिइनेछ ।

(ग) नगरपालिकाभित्र पूर्णसरसफाई अभियानलाई थप प्रभावकारी रूपमा निरन्तरता दिईनेछ।

(घ) फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिको फोहोर संकलन केन्द्रको स्थापना गरिनेछ ।

(ङ) नगर क्षेत्रमा वातावरण प्रदुषणको कारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पूरा नगरेका उद्योगहरूको सन्दर्भमा प्रारम्भिक वातावरण परीक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमशः वातावरण प्रतिकूल उद्योगहरुलाई विस्थापन गर्ने नीति लिइनेछ ।

(ज) वातावरणीय प्रदुषण गर्ने उद्योगहरु वातावरणीय मापदण्ड पूरा नभएसम्म नगरक्षेत्रमा स्थापना र सञ्चालनमा पूर्ण रोक लगाउने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

## १३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

(क) आर्थिक समृद्धि र दीगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

(ख) अपाङ्गताभएका सबै बालबालिकाहरूलाई अपाङ्गता परिचय पत्र, आवश्यक सहायता सामग्री र जीवनोपयोगी सीप दिई अनिवार्य विद्यालय भर्ना गर्ने, विद्यालय तथा समुदाय स्तरका विभिन्न कार्यक्रमहरुमा विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरु समावेश गरिनेछ।

(ग) महिला, विपन्न र पिछडिएका समुदायलाई प्रवर्द्धन, सीपमुलक तालिम तथा उद्यमशीलता विकास मार्फत काम र रोजगारीका अवसरको पहुँच पुऱ्याई स्वआय-आर्जनमार्फत आत्मनिर्भर बनाइनेछ।

(घ) नगरपालिकामा जेष्ठनागरिकहरुको सम्मान र सहयोग गर्ने, फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुको समस्याहरु समाधानका लागि प्राथमिकताको पहिचानगरी प्रवर्द्धन गर्न सीपमूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(ङ) अपांगता परिचयपत्र र जेष्ठ नागरिक परिचयपत्र सम्बन्धमा समुदाय स्तरमा अनुगमन तथा वडा कार्यालयसंग को समन्वयमा आवश्यकता अनुसार वितरणका लागि व्यवस्थापन गरिनेछ ।

(च) नगरक्षेत्रभित्रका बालबालिकाकाहरुको सबै किसिमका अधिकारहरुको संवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## आर्थिक विकास क्षेत्र

### १४. कृषि र पशुपन्छी विकासः

(क) **"संरक्षित कृषि सम्वृद्धिको आधार-कृषकलाई रोजगार"** भन्ने मूल नाराका साथ कृषि विकासमा व्यवसायीकरण, यान्त्रिकीकरणको क्षेत्रमा लगानी अभिवृद्धिको साथै खाद्य सम्प्रभुताको मान्यता अनुरुप मौसम तथा माटो अनुकूलको बाली उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नबाली, नगदेवाली, फलफुल खेती तथा तरकारी बालीको दीगो उत्पादन, आपूर्ति, संरक्षण तथा बजारको व्यवस्था गरिनेछ ।

(ख) हाल कोभिड १९महामारीको कारण विश्वव्यापी रोजगारी कटौती भएकोले कृषिलाई गरिबी निवारणको आधार बनाई स्वदेश फर्किएका बेरोजगार युवाशक्तिको लागि स्वरोजगार, क्षमता अभिबृद्धि, प्राविधिक सेवा, सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ग) **"नगर कृषि कार्यक्रम"** अन्तर्गत कृषकहरूलाई सिंचाई, आधुनिक कृषि औजारको आपूर्ति लगायत कृषिमा आत्मनिर्भर बनाउन कृषि संकलन केन्द्र, शीत भण्डार (Cold Store) सहितको अत्याधुनिक कृषि हाटबजारको निर्माण गरी कृषि पेशालाई नगरपालिकाकै आर्थिक विकासको मूल आधारको रूपमा कार्यक्रम संचालन गरिनेछ ।

(घ) कृषि व्यवसाय प्रवर्द्धन गर्न कृषकहरूलाई उद्योगी, व्यवसायी र नगरपालिकाको साझेदारीमा आधुनिक प्रविधिको कृषि औजारहरू, बिउबिजनलगायतका सामग्री वितरण गरिनेछ ।

(ङ) कृषि जनमुखी कार्यक्रम अन्तर्गत एक वडा एक कृषि नमूना उत्पादनमा विशेष जोड दिनुको साथै हाल प्रयोगमा रहेका रसायनिक विषादी तथा मलको प्रयोगले मानव स्वास्थ्यका साथै पर्यावरण र पशु स्वास्थ्यमा समेत नकारात्मक असर परेको हुनाले यस न.पा.ले कृषि सिचाई, उन्नत विउ विजन, प्राङ्गारिक मल तथा विषादी उत्पादनको साथै माटो उपचार गरी प्राङ्गारिक खेतीलाई विशेष जोड दिईनेछ।

(च) कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषियोग्य भूमिमा ठूला तथा साना सिंचाई योजनाहरु संचालन गरिनेछ।

(छ) कृषि उपजको बजारसम्म सुलभ पहुँच वृद्धिका लागि कृषि सडक र विद्युतीकरणलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

(ज) कृषकहरूलाई व्यावसायिक कृषितर्फआकर्षण गर्न वडाहरूलाई बैज्ञानिक सर्वेक्षणको आधारमा तरकारी जोन (Vegetable Zone) तथा माछा जोन (Fisherise Zone)गरी दुइ प्रकारले वर्गिकरण गरी तरकारी खेती र माछा पालन व्यवसायतर्फ आकर्षण गरिनेछ ।

(झ) यस न.पा. अन्तरगत बाँझो तथा बगरक्षेत्रका जमीनहरूलाई सदुपयोग गरि निर्वाहमुखी कृषि पेशाबाट व्यवसायिक कृषि प्रणालीको विकास गराई निर्यातमुखी कृषि व्यवसाय बनाउनको लागी उक्त क्षेत्रमा काम गर्ने विपन्न, बेरोजगार युवा तथा कृषकहरुलाई आवश्यक पर्ने कृषि प्रविधि मल, विउ, सिंचाईका साथै आधुनिक कृषि औजारमा अनुदानको कार्यक्रम लागु गरिनेछ ।

(ञ) दूध तथा मासु उत्पादन छिमेकी मुलुकहरुबाट आयात हुने भएकोले आयातलाई न्यूनीकरण गर्नको लागी उन्नत किसिमको गाई, भैसी, बाख्रा, बोका, राँगा, कुखुराको संख्या बढाउनको लागि नगर मैं पशु नशल सुधारको कार्यक्रमलाई जोड दिदै नगरभित्र एक बाख्रा विकास स्रोत केन्द्र स्थापना गरिनेछ ।

(ट) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्ने शिपमुलक तालिम,प्राविधिक ज्ञानमा विकास गरी नगरको पहुँच हुने गरी लघु र घरेलु उधोगलाई विस्तार गरिनेछ ।

(ठ) नगर भित्र उत्पादित कृषि उपजको बजारीकरणको लागि सहकारी संस्था संग सहकार्य गरि प्याकेजिंग,ब्राण्डिंग, लेवलिंग गरी उत्पादित कृषि उपजको बिक्रीमा सुनिश्चिताको लागि विशेष पहलका साथमा बजारको व्यवस्था गरिनेछ ।

(ड) INGO र NGO हरूसंगको सहकार्यमा कृषि क्षेत्रमा बिभिन्न कार्यक्रमहरू गरिनेछ ।

(ढ) प्राकृतिक विपत्तिका कारण आर्थिक क्षति भएका कृषकहरूलाई राहत पुर्याउने उद्देश्यले पशु बीमा कार्यक्रम, बाली बिमा कार्यक्रम संचालन गरी किसानहरूलाई कृषि क्षेत्रमा प्रोत्साहित गरिनेछ।

(ण) गाई गौशालाको नाममा रहेको सम्पूर्ण सम्पत्ति क्रमश गौशाला नगरपालिकाको नाममा ल्याउन पहल गरिनेछ ।

## १५. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनः

(क) पर्यटनबाट रोजगारी र आयआर्जन बढाउन नगरपालिकामा रहेका धार्मिकक्षेत्र, ऐतिहासिक क्षेत्र, जैविक विविधताको क्षेत्र र पर्यटकीय क्षेत्रलाई प्रवर्द्धन गरिनेछ।

(ख) गौशाला नपा वडा नं. ५ गौशाला बजार स्थित दुर्गा मन्दिर लाई बिशेष धार्मिक स्थलको रूपमा विकास गरी आन्तरिक पर्यटन लाई टेवा पुर्याईनेछ ।

(ग) ऐतिहासिक महत्व बोकेको मलहनिया पोखरी, बाँध पोखरी साथै अन्य पोखरीहरूको संरक्षण र विकास गर्दै सौन्दर्यता वृद्धि गरि आन्तरिक पर्यटकलाई आकर्षित गरिनेछ।

(घ) गौशालामा व्यापार र पर्यटन प्रवर्द्धन गर्न उधोग वाणिज्य संघसँग समन्वय गरि गौशाला महोत्सवको आयोजना गरिनेछ ।

(ङ) नगर भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी वैज्ञानिक अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्बर्धन, संरक्षणर प्रचारप्रसार गर्दै जाने नीति अवलम्बन गरिनेछ।

(च) गौशाला बजारलाई व्यवस्थित बनाई छिमेकी गाउँहरुको केन्द्रविन्दूका रुपमा स्थापित गर्न विशेष व्यवस्थापन मिलाइनेछ ।

## १६. उद्योग तथा वाणिज्य

(क) नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रबर्धन र विकासमा जोड दिइने छ।

(ख) गौशाला नगरपालिकाभित्र संचालन गर्न छुट्टै औद्योगिक क्षेत्र स्थापनाका लागि पहल गरिनेछ। साथै वाणिज्य प्रवर्धनका लागि विशेष ध्यान पुर्याइनेछ।

(ग) युवा स्वरोजगारको लागि सीप विकासको तालिम दिई लघु तथा घरेलु उद्योग संचालन गर्न प्रोत्साहन गरिनेछ ।

(घ) वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई उद्योग संचालन गर्न आवश्यक पर्ने सीप, पूँजीको प्रबन्ध गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

(ङ) कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहित गरिनेछ।

## १७. सहकारी र वित्तीय क्षेत्रको विकासः

(क) नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानुन र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ ।

(ख) सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ ।

(ग) नगरपालिकामा व्यवसाय दर्ता भएका सहकारी संस्था र व्यवसायीहरुसंग मात्र नगरपालिकाको कामकाजमा सहकार्य गरिनेछ ।

(घ) सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापनका साथै अध्ययन अनुसन्धान र क्षमता अभिवृद्धि, प्रवर्द्धन, परिचालन गरी सहकारी संस्थाको विकास गरिनेछ।

(ङ) नगरपालिकामा वहुउद्देशीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजिलाई केन्द्रित गरिनेछ ।

(च) पहिलो प्राथमिकतामा सवै वडामा श्रम सहकारी निर्माण गरिनेछ। यसैमार्फत आम जनसमुदायको श्रम शक्तिलाई पूँजिमा विकासगरी लगानीमा वदल्ने र कृषि र उद्योगजन्य उत्पादनले बाहय आयातलाई रोकेर, आन्तरिक मागलाई पूर्ति गर्ने र स्थानीय उत्पादनमा आत्मनिर्भर बन्ने गरी योजना निर्माण गरिने छ।

(छ) अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्बन गरिनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(ज) नगरका तर्फबाट छिमेकी नगरपालिका, गाउँपालिका तथा छिमेकी देशसंग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ ।

## पुर्वाधार विकास क्षेत्र

**१८. सडक तर्फको विकास निर्माण :**

(क) नगरपालिकामा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन र नियमन गरिनेछ। नगरभित्रका सम्पुर्ण सडकहरुको वर्गिकरण गरी मापदण्ड तोकिनेछ ।

(ख) बस्तीबाट वडा केन्द्र जोड्ने सडक, वडा केन्द्रवाट नगर केन्द्र जोड्ने अधुरा सडकहरुलाई बिशेष प्राथमिकताका साथ निर्माण गरिनेछ ।

(ग) नगरपालिका भवनको निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ निरीक्षण गरी समयमै कार्य सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

(घ) अन्तरनगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ।

(ङ) निजी यातायातलाई नियमन तथा ब्यवस्थापन गरिनेछ ।नगरभित्रका सम्पुर्ण सडकहरुलाई बाह्रै मास संचालनयोग्य बनाउन बार्षिक सडक मर्मत सम्भार योजना निर्माण गरी लागु गरिनेछ।

(च) कालो पत्रे पक्की सडक बनाउन पहल गरिनेछ ।

(छ) प्रत्येक वडामा कम्तीमा ५०० मीटर कालोपत्रे पी. सी. सी. ढलान गरी सडक विस्तार गरिनेछ ।

**१९. भवन तथा सहरी विकास :**

(क) सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नगरपालिकाको नीति, कानून, मापदण्ड निर्माण गरिनेछ।

(ख) योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन, राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति दिइने र नियमन गरिनेछ।

(ग) भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनेछ।

(घ) मालपोत र नापी कार्यालय सञ्चालन गरी सेवा प्रवाहलाई छिटोछरितो बनाउँदै लगिनेछ ।

**२०. सूचना सञ्चार तर्फ :**

(क) सबै प्रकारका सूचना माध्यममा जनताको पहूँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ।

(ख) नगरपालिका सूचना तथा संचार प्रतिष्ठान स्थापना गरी सूचना तथा संचार प्रविधिलाई सुशासनसंग आवद्ध गरिनेछ।

(ग) नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचार माध्यमसंग सहकार्य गरिनेछ।

(घ) विकास मैत्री संचार र संचारमैत्री सरकारको अवधारणालाई अभ्यास गर्न नगरपालिकाले जोड दिनेछ।

**२१. प्रधानमन्त्री रोजगार कार्यक्रम :**

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई बिशेष कार्यक्रमको रूपमा लागु गरिनेछ।

**२२. वैकल्पिक उर्जा विकास कार्यक्रम :**

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न श्रोतहरुको उपलब्धता गराई प्रयोगमा अभिवृद्धिका लागि प्रचार प्रसार तथा समन्वयको नीति लिइनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

**२३. वन तथा भु-संरक्षण :**

(क) वन व्यवस्थापनलाई वैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिइने नीति अपनाई वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माणगरी योजनाको कार्यान्वयन र नियमन गरिनेछ।

(ख) सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ।

(ग) जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ ।

**२४. सरसफाई तथा फोहोर मैला व्यवस्थापन :**

(क) फोहरमैला व्यवस्थापनका लागि प्राकृतिक श्रोतहरुको दीगो र प्रभावकारी संरक्षण गर्दै मानव सिर्जित फोहरमैलाको प्रभावकारी व्यवस्थापनका लागि नीजि क्षेत्र र नागरिक समाजको सहकार्यमा समुदायको चासो र संलग्नता अभिवद्धि गर्न फोहर संकलन देखि व्यवस्थापन सम्मका सबै प्रक्रियामा समुदायको संलग्नतालाई सुनिश्चित गरिनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(ख) फोहरमैला व्यस्थापन गर्ने क्रममा प्लाष्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याई, वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गरिने नीति अवलम्बन गरिनेछ।

## २५. जल उत्पन्न प्रकोप नियन्त्रण :

(क) नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्धमार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संस्था संगको समन्वय र सहकार्यमा विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

(ख) नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।

## २६. विपद् व्यवस्थापनः

(क) विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण गरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।

(ख) विपद् पूर्व तयारी तथा प्रतिकार्य, पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ।

(ग) संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थासंगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।

# सुशासन तथा संस्थागत विकासको क्षेत्र

## २७. मानव संसाधन विकास :

(क) स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन र संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन्द्रीय सरकारबाट स्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वयका लागि कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिनेछ।

(ख) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गरिनेछ।

(ग) जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी बनाउदै नगरको विकासमा पुर्याएको योगदानको

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

आधारमा कर्मचारीको कामको मुल्यांकन गरी थप सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

**२८. सुशासन तथा संस्थागत क्षमता विकास :**

(क) गौशाला नगरपालिकामा सुशासन तथा संस्थागत विकासका लागि जनशक्तिको भरण-पोषण, तलव-भत्ता, सरकारवाट प्राप्त सेवा-सुविधा, कार्यक्षमता अभिवृद्धि गर्ने तालिम, गोष्ठी, अन्तरकृया र भ्रमण कार्यक्रम र कार्यालय सञ्चालनको लागि समग्र कृयाकलापको व्यवस्थापन गरिनेछ।

(ख) एकद्वार सेवा प्रवाह संयन्त्रको स्थापना, गुनासो सुनुवाइ र समाधान संयन्त्रको स्थापना, वित्तीय र प्रशासनिक अनुशासन कायम गराईनेछ।

(ग) जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन अवलोकन, भ्रमणहरूको आयोजना तथा संचालन गरिनेछ ।

**२९. राजस्व परिचालन :**

(क) नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माणगरी कार्यान्वयन गरिनेछ।

(ख) सबै आर्थिक कृयापकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने,

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणाली लाई थप प्रगतिशील वनाइनेछ । यसका लागि अन्तरकृया, विभिन्न छलफल र परामर्श गोष्ठी लगायत विभिन्न कार्यक्रमहरु गरिनेछ।

**३०. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण :**

(क) स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ ।

(ख) उच्चस्तरीय, अनुगमन तथा मूल्याङ्कन संयन्त्र मार्फत सेवाप्रवाहलाई शीघ्र, सरल र सहज बनाइनेछ।

(ग) विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ।

(घ) राज्य संचालनको समग्र कार्यप्रणाली सरल पारदर्शी र उत्तरदायी बनाइनेछ।

(ङ) नगरपालिका सरकारबाट निर्माण भएका विकास तथा पूर्वाधार संरचनाहरुको समयमै काम सम्पन्न गर्न र गुणस्तरको सुनिश्चित र प्रभावकारी नियमन गर्न सार्वजनिक सुनवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

**३१. सेवा प्रवाहका मापदण्ड निर्धारण :**

(क) ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना छुट्याएर निवेदकलाई उपलव्ध गराइनेछ।

(ख) सूचना प्रवाह गर्दा राष्ट्रिय भाषा तथा संचारका माध्यमबाट गरिनेछ।

(ग) सेवा प्रवाह निकायको स्वरुप र प्रकृति, निकायको काम, कर्तव्य र अधिकार, निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण, सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी सुनिश्चित गरिनेछ।

(घ) सम्पादन गरेको कामको विवरण, सूचना अधिकारी र प्रमुखको नाम र पद, ऐन नियम विनियम वा निर्देशिकाको सूची, निकायबाट प्रदान गरिने सेवा, आर्थिक वर्षको कार्यक्रम वा आयोजना सम्वन्धी विवरण वेवसाइटमा राखी कार्यालयको सूचना नियमित रुपमा प्रवाह गर्ने प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

**३२. सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग :**

(क) सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गरिने सबै नीति, ऐन, कानून लगायत सम्पूर्ण निर्णयहरु नागरिकलाई जानकारी गराउन वेवसाईट, राजपत्र, डिजिटल सूचना पाटीलाई प्रयोगमा ल्याइनेछ ।

(ख) नगरपालिका कार्यालय, वडा कार्यालय हुदै विषयगत कार्यालय र सवै विद्यालयहरुमा डिजिटल हाजिरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दै लगिनेछ।

**३३. नागरीक सन्तुष्टी सर्वेक्षण :**

स्थानीय सरकारले राज्यको श्रोत साधनलाई अत्यधिक नागरिक हितमा प्रयोग गर्न नगरपालिकाबाट गरिने सेवाप्रवाहका सम्पुर्ण कामप्रति नागरिकहरुको सन्तुष्टि र असन्तुष्टिलाई संस्थागत व्यवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्यक्रम तय गरी जनताबाट सुझाव लिएर जनतालाई प्रभावकारी सेवा दिने नीति लिएको छ।

**३४. समपूरक तथा बिशेष बजेट व्यवस्थापन :**

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना र शक्ति बाँडफाड गर्ने क्रममा संघीय, प्रदेश र स्थानीय तहको सरकार गठन निर्देशन परिचालन र नियन्त्रणको सिद्धान्तमा रही गौशाला नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य संघ-संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारीको आधारमा विकास निर्माणका कामहरू गर्ने नीति लिएको छ।

**३५. गौशाला नगरपालिका भु-उपयोग नीति :**

(क) संघीय संरचना अनुकूल स्थानीय भू-उपयोग योजनाहरु तर्जुमा, योजनाको आधारमा भूमि तथा भूमिश्रोतको उपयोग, भू-उपयोग योजना अनुकूल हुने गरी भौतिक पूर्वाधार विकासका आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गरिनेछ।

(ख) कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई सुनिश्चित गरिनेछ।

(ग) मालपोत र नापी कार्यालय सञ्चालन गरी सेवा प्रवाहलाई छिटोछरितो बनाउँदै लगिनेछ ।

(घ) जग्गाको नाप नक्शामा सुधार गर्दै लगिनेछ ।

**३६. गौशाला नगरपालिकामा न्यायिक समिति सम्वन्धी काम र प्रस्तावनाः**

न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखिनेछ।

**३७. सामाजिक सुरक्षा भत्ता :**

कुनैपनि नागरिकले खाईपाई आएको सामाजिक सुरक्षा भत्ता छुट्ने छैन र यस सम्बन्धी व्यवस्थित, प्रभावकारी र पारदर्शी मापदण्ड बनाई वितरण प्रणालीलाई थप व्यवस्थित बनाउँदै नगरवासीलाई सुरक्षाको प्रत्याभूति गराईनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने माननीय मन्त्रीज्यूहरु, माननीय सांसदज्युहरु लगायत सम्पूर्ण पदाधिकारी ज्युहरु, सम्पूर्ण राजनितिक दलका पदाधिकारी ज्युहरु, निजि क्षेत्र तथा विकास साझेदार सस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्युहरु, नगर कार्यपालिका सदस्य ज्युहरु, विभिन्न समितिका संयोजक ज्युहरु, नगर सभाका सदस्य ज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिविहरु, नगरको सम्मुनत विकासमा टेवा दिने नगरवासीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्छु । अन्त्यमा, नगरको विकास र सम्बृद्धिमा निरन्तर सदभाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी गैर सरकारी सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयमा सबैको खुल्ला हृदयबाट सहयोगको अपेक्षा गरेको छु । बहस, छलफल र सहकार्यमा नै विकास हुनसक्छ भन्ने मान्यता बोकेको छु । सो कुरा यहाँहरु समक्ष विश्वास दिलाउन पनि चाहन्छु ।वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न हामी कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । गौशाला नगरपालिकाको विकासको सपना देखौं, सपना देख्नेले नै विपनामा सो कुरा भोग्न पाउँछ भन्दै गौशाला नगरवासीहरुको उज्ज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

**धन्यवाद ! जय गौशाला !!!**

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४